सामुदायिक क्याम्पसहरुको उच्च शिक्षा पूर्वाधार बिकास सहयोग अनुदान कार्यक्रम लागि प्रयोग गरिने

# सम्झौता फारम

## आ.व.२०७८/०७९

| |
|---|
| क्याम्पसको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| क्याम्पस कोडः- |
| इमेल ठेगानाः- |

अनुदान प्राप्त उप कार्यक्रमहरु :-

१.

२.

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

**सामाजिक विकास डिभिजन कार्यालय**

नेपालगंज,बाँके

# सामुदायिक क्याम्पसहरुको उच्च शिक्षा पूर्वाधार विकास सहयोग अनुदान कार्यक्रम लागि प्रयोग गरिने सम्झौता फारम (आ.व.२०७८/०७९)

१.पृष्ठभूमि

उच्च शिक्षा पूर्वाधार विकास सहयोग अनुदान कार्यक्रम अन्तर्गत क्याम्पस भवन निर्माण, वास सुविधा सहितको शौचालय निर्माण, कम्पाउण्डवाल निर्माण, खानेपानीको व्यवस्था, क्याम्पसको मर्मत सम्भार गर्ने तथा छात्रावास निर्माण र आइसीटी ल्याब स्थापना सम्बन्धी कार्यक्रमहरु प्रमुख रुपमा रहेका छन् । यो सम्झौता फाराम उल्लिखित कार्यक्रमहरुका लागि प्रयोग गर्ने गरी विकास गरिएको छ । उक्त कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न निति नियम तर्जुमा गर्नका लागि प्रदेशस्तरमा शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयले भूमिका निर्वाह गर्नेछ भने सो को कार्यान्वयनका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजको भूमिका प्रमुख रुपमा रहनेछ। कार्यक्रम लागु भएका जिल्लाहरुमा क्याम्पसहरुले तोकिएका कार्यक्रमहरु आवश्यकतानुसार साभेदारीमा संचालन गर्न इन्जिनियर तथा सव- इन्जिनियरहरु कार्यरत रहने छन् ।

## २. कार्य संचालन विधि/प्रक्रिया

### २.१. क्याम्पस संचालक समिति/ क्याम्पस भवन निर्माण सहयोग उप-समितिको गठन गर्ने :-

क्याम्पसको भौतिक सुधार सम्बन्धी कार्यक्रम संचालनका लागि छनौट भएका क्याम्पसहरुको निर्माण कार्यको व्यवस्थापन तथा संचालन गर्ने जिम्मा क्याम्पस संचालक समितिको हुनेछ । सञ्चालक समितिले आवश्यकता महसुस गरेको अवस्थामा भौतिक पूर्वाधार निर्माण सहयोग उप-समिति गठन गर्न सकिने छ । यसरी सहयोग उप-समिति गठन गर्दा क्याम्पस संचालक समिति, स्थानीय तह र वडाका जनप्रतिनिधिहरु तथा पिछिडिएका वर्ग तथा क्षेत्रहरुका अभिभावक समावेश गरी आवश्यकता अनुसार एक छुट्टै निर्माण सहयोग उप-समिति समेत गठन गर्न सकिनेछ ।

### २.२. लागत अनुमान अनुसार साझेदारीमा निर्माण कार्य सम्पन्न गराउने :-

क्याम्पसको भौतिक पूर्वाधार विस्तार कार्यको लागि सव-इन्जिनियरले स्वीकृत जिल्ला दररेट अनुसार स्थानिय निर्माण सामग्रीहरुको समेत मूल्याङ्कन गरी लागत अनुमान तयार गरी डिभिजन कार्यालको इजिनियर समक्ष पेश गर्नु पर्नेछ । इन्जिनियरले सो लागत अनुमान जाँच गरी स्वीकृतीको लागि सामाजिक विकास डिभिजन कार्यालयका कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ । क्याम्पसको भौतिक पूर्वाधार सुधारका सम्पूर्ण कार्यहरुमा क्याम्पस संचालक समितिको तर्फबाट कूल लागत अनुमानको आवश्यकतानुसार कम्तिमा १५ प्रतिशत जनश्रमदान व्यहोर्नु पर्नेछ । तर निर्माण कार्य सम्पन्न गर्न प्राप्त अनुदान रकमबाट जति नपुग हुन आउछ त्यति रकम क्याम्पस संचालक समितिले जनश्रमदान वा अन्य कुनै श्रोतबाट जुटाई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

### २.३. क्याम्पसहरुसंग सम्झौता गर्ने :-

क्याम्पसको भौतिक सुधार सम्बन्धि कार्यक्रम संचालनका लागि छनौट भएका क्याम्पसहरुले शिक्षा विकास निर्देशनालय अन्तर्गत सामाजिक विकास डिभिजन कार्यालयसंग सम्झौता गर्न आउँदा क्याम्पसको नाममा भएको जग्गाको लालपूर्जा वा गाँउपालिका/नगरपालिका/उप-महानगरपालिकाबाट प्राप्त सिफारिस सहित निवेदन पेश गर्नु पर्नेछ र उक्त निवेदनमा क्याम्पस संचालक समितिको अध्यक्ष र क्याम्पस प्रमुख सम्झौता गर्न आउनु पर्नेछ । भौतिक निर्माण कार्यको दैनिक निरीक्षण तथा आवश्यक निर्माण सामग्रीहरुको व्यवस्थापन गर्ने जिम्मा क्याम्पस संचालक समितिको हुनेछ ।

### २.४. निर्माण तथा सम्झौता भएका कार्य गर्ने/गराउने :-

कार्यालयको छाप :- क्याम्पस प्रमुखको दस्तखत :- क्याम्पसको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्या.सं.स.अध्यक्षको दस्तखत :-

सम्झौता सम्पन्न भएपछि सम्झौतामा उल्लेखित शर्तहरु र कार्य तालिका अनुसार क्याम्पस संचालक समितिले शिक्षा विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालयको अनुगमन र निरीक्षण एवंम तोकिएका इन्जिनियर र सव-इन्जिनियरहरुको सहयोगमा कार्य सम्पादन गर्नु पर्नेछ ।

**२.५. क्याम्पसको खातामा रकम जम्मा गर्ने :-**

सम्झौताको कार्य सम्पन्न भएपश्चात सम्बन्धित प्राविधिकको सिफारिसमा क्याम्पसहरुले तोकिएको काम सम्पन्न गरी सो को जानकारी सम्बन्धित प्राविधिक वा सामाजिक विकास डिभिजन कार्यालयलाई गराई रकम माग गरेपछि प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनको आधारमा सामाजिक विकास डिभिजन कार्यालयले क्याम्पसको तोकिएको बैंक खातामा तोकिएको रकम निकासा दिनेछ ।

**३. निकासाको किस्ता , परिमाण र समयावधि**

३.१. आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने निर्माण कार्यका लागि तोकिएको रकम उपलब्ध हुने ।

३.२. स्थानिय निर्माण सामग्री जस्तै: ढुङ्गा, ईट्टा, गिट्टी, बालुवा आदि संकलन गरी जग खन्ने कार्य गरेपश्चात पहिलो किस्ता वापत कूल अनुदान रकमको ३० प्रतिशत रकम निकासा दिने ।

३.३. संरचनात्मक भागको कार्य सम्पन्न गरे पश्चात सो को जानकारी सम्बन्धित प्राविधिकलाई गराई रकम माग गरेपछि प्राविधिकहरुले सिफारिसको आधारमा दोश्रो किस्ता वापत कुल अनुदानको ५० प्रतिशत बजेट निकासा दिइनेछ ।

३.४. तोकिएको सम्पूर्ण कार्य सम्पन्न भैसकेपछि लुम्बिनी प्रदेश सरकारको सामुदायिक क्याम्पसहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार विकास सहयोग कार्यक्रम संचालन निर्देशिका, २०७६ को दफा ११(४,५), १२ र १३ ले तोकेको प्रक्रिया पुरा भईसके पश्चात दफा १४ बमोजिम अन्तिम किस्ताको रुपमा कूल अनुदान रकमको बाँकी २० प्रतिशत रकम (लागत अनुमानको सिमा भित्र जनश्रमदानको अंश कट्टा गरी) निकासा दिने ।

३.५. भौतिक पूर्वाधार निर्माण कार्य बाहेकका अन्य कार्यक्रमको हकमा सम्झौता गरेपछि सम्झौताकै आधारमा ३० प्रतिशत र सम्पूर्ण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि ७० प्रतिशत रकम निकासा दिइने छ।

३.६. भौतिक पूर्वाधार सम्बन्धी कुनै कार्य आरम्भ भई कार्यसम्पन्न नभएको अवस्थामा सो बाँकी कार्य सम्पन्न गर्नका लागि प्राप्त अनुदान रकम लगानी गर्ने अवस्थामा सम्पन्न भइसकेको कार्यको कार्य सम्पन्न प्रतिबेदन, तत्सम्बन्धी क्याम्पस संचालक समितिको निर्णय, स्थानीय तहको सिफारिस र सम्पन्न गर्न बाँकी कामको लगत इष्टिमेट र ड्राइंग डिजाइन र नक्सा पेश गर्नुपर्नेछ ।

३.७. क्याम्पसले यस कार्यालयबाट प्राप्त गरेको अनुदान रकममा तोकिएको शीर्षकमा तोकिएको प्रतिशत कार्य साझेदारीमा सम्पन्न हुने गरी लगत इष्टिमेट र तदनुसारको ड्राइंग डिजाइन र नक्सा पेश गर्नु पर्नेछ । यसरी हुन आउने रकम भन्दा बढि रकमको इष्टिमेट र ड्राइंग डिजाइन र नक्सा पेश गरेमा पेश गरेकै इष्टिमेट र ड्राइंग डिजाइन र नक्सा अनुसारको कार्य सम्पन्न भएपछि तोकिएको कार्य सम्पन्न भएको ठहर हुनेछ ।

**४. कबुलियतनामा**

क्याम्पसको भौतिक सुविधा विस्तार लगायत अन्य कार्यक्रम गर्न शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय बाँकेको अनुदान सहयोग प्राप्तिको लागि गरिने कबुलियतनामा देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | एकाई | ल.इ. रकम(रु) | साझेदारी वा जनसहभागाबाट व्यहोर्नु पर्ने रकम (रु) | कार्यक्रमको जम्मा अनुदान सहयोग रकम (रु) | कै. |
|---|---|---|---|---|---|---|---|

कार्यालयको छाप :-
कार्यालय प्रमुख दस्तखत :-

क्याम्पस प्रमुखको दस्तखत :-

क्याम्पसको छाप :-
क्या.सं.स.अध्यक्षको दस्तखत :-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| कूल जम्मा | | | | | | | |

श्री........................................................................क्याम्पसका क्याम्पस संचालक समिति अध्यक्ष श्री ........................................................... र क्याम्पस प्रमुख श्री ..........................................................को संयुक्त निवेदनमा स्थानीय तहबाट सिफारिस भई सम्बन्धित क्याम्पसबाट उपलब्ध गराएको इष्टिमेट/ड्राइंग/डिजाइन र नक्सा बमोजिम माथि उल्लेखित कार्यहरु शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजबाट उपलब्ध गराउने आर्थिक अनुदान रकम रु..............................(अक्षरेपी रु...............................................................मात्र) प्राप्त गरी सम्पूर्ण शर्तहरु पालना गर्ने गरी सम्पन्न गर्न शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय र क्याम्पस संचालन समिति/क्या.नि.स.उप-समिति बीच यो सम्झौता गरिदियौं ।

५. क्याम्पसले पालना गर्नुपर्ने अन्य शर्तहरु

५.१. क्याम्पसको भौतिक सुविधा विस्तार अन्तर्गत माथि उल्लेखित कार्यहरु मिति २०७८/१०/२८ गतेदेखि मिति २०७९/०२/१५ गतेसम्ममा तोकिएको अवधि भित्र मन्त्रालय, निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय बाँके लुम्बिनी प्रदेशको नीति, निर्देशन अनुसार कार्य सम्पन्न गराउने दायित्व क्याम्पस संचालक समितिको हुनेछ । तोकिएको कार्य कुनै जायज कारण बिना तोकिएको समयमा पूरा नगर्ने क्याम्पसको अनुदान रकम शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय बाँकेले भुक्तानी दिन बाध्य हुने छैन र भुक्तानी भइसकेको अवस्थामा नियमानुसार असुल उपर गर्न आवश्यक प्रक्रिया अपनाउनेछ र त्यस्ता क्याम्पसहरुलाई कार्यक्रमको तर्फबाट भविष्यमा समेत क्याम्पसको भौतिक सुधारका कुने पनि सुविधा उपलब्ध गराइने छैन । तर सन्तोष जनक रुपमा कार्य गर्दा गर्दै अचानक कुनै बाधा अडचन आई तोकिएको कार्य समय भित्र सम्पन्न गर्न नसकेमा वार्षिक कार्यक्रममा कुनै बाधा नपर्ने गरी सम्बन्धित प्राविधिकको सिफारिसमा क्याम्पसले करारको म्याद थप्न सकेछ ।

५.२. क्या.सं.स/क्या.नि.स.उप-समितिले क्याम्पसको भौतिक पूर्वाधार सुधार कार्यको लागि क्याम्पसमा एउटा छुट्टै रजिष्टर कायम गरी पूर्वाधार सुधारका कार्यक्रममा खरिद भएका सामग्रीहरुको विवरण, खर्चको हिसाबका साथै विल, भौचर, दैनिक खर्चको विवरण र कामदारहरु नागरिकता प्रतिलिपी सहितको हाजिरी फारम क्याम्पसमा सुरक्षित साथ राख्नुपर्ने छ । यस्ता कागजातहरु पेश नगर्ने क्याम्पसहरुलाई अन्तिम किस्ता भुक्तानी दिइने छैन वा बैंक खातामा जम्मा गरिएको रकम झिक्न अनुमती दिइने छैन् । यदि लेखा तथा निर्माण कार्यको रजिष्टर नराखिएमा वा निरीक्षण टोलीलाई हेर्न नदिएमा वा निर्माण कार्यको गुणस्तर सन्तोषजनक नभएमा यस्ता क्याम्पसमा निर्माण कार्य रोक्का गर्ने, खाताबाट रकम झिक्न अनुमति नदिने लगायतका कारवाही प्रकृया समेत अघि बढाइने छ ।

५.३. प्रत्येक आ.व.मा भौतिक सुधारको कार्यक्रम अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजको लक्ष्य रहेको हुँदा जिल्लामा भौतिक सुधारको लागि छनोट भएका क्याम्पसहरुले तोकिएको आ.व भित्रै कार्यहरु सम्पन्न गर्नु पनेछ ।

कार्यालयको छाप :-
कार्यालय प्रमुख दस्तखत :-

क्याम्पस प्रमुखको दस्तखत :-

क्याम्पसको छाप :-
क्या.सं.स.अध्यक्षको दस्तखत :-

५.४. कक्षा कोठा तथा शौचालय निर्माण गर्दा अपागं तथा असक्त विद्यार्थीहरुले समेत प्रयोग गर्न सक्ने गरी ह्वील चेयर प्रयोग गरि जान सक्ने भिरालो बाटो, ढोका आदिको समुचित्त व्यवस्था हुने गरी निर्माण कार्य गर्नु पर्नेछ ।

५.५. नयाँ क्याम्पस भवन निर्माण गर्दा उपलब्ध जग्गा अनुकुल हुने गरी इष्टिमेट/ड्राइंग/डिजाइन र नक्सा सम्बन्धित क्याम्पसले तयार गरी शिक्षा तथा सामाजिक विकास निर्देशनालयको स्वीकृति लिएर मात्र निर्माण गर्नुपर्नेछ ।

५.६. क्याम्पसले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने सम्बन्धित क्याम्पसका क्याम्पस प्रमुख र क्या.संचालक समिति अध्यक्षबाट उक्त रकम असुल उपर गरिनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय बाँकेमा क्याम्पसबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित क्याम्पसको अनुदान रकमको ५ देखि १० प्रतिशतसम्म धरौटी कट्टी गर्न सकिनेछ ।

५.७. क्याम्पसले सामाजिक विकास डिभिजन कार्यालयलाई उपलब्ध गराईएको *स्वःघोषणा पत्रमा* उल्लेख बुदाँहरु पुर्णपालना गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन क्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चन हटाइनेछ ।

५.८. क्याम्पसले कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पादन भएमा सम्बन्धित क्षेत्र माननीय प्रदेश सभा सदस्यको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यक्ता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

५.९. पुरानो निर्माण आदिमा यो कार्यक्रमको रकम जोडेर खर्च गर्न पाइनेछैन। अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

## *सम्झौता गर्ने पदाधिकारीहरु*

*सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट*

कार्यालय प्रमुख :- राम करन पाल

हस्ताक्षर :-

प्रशासन शाखा प्रमुख :- गुमान सिंह न्यौपाने

हस्ताक्षर :-

इञ्जिनियर:- सैनुल खान

हस्ताक्षर :-

निर्देशनालय/डिभिजन कार्यालयको छाप :-

*क्याम्पसको तर्फबाट साक्षी*

नाम थर :-

ठेगाना :-

पद :-

दस्तखत :-

*क्याम्पसको तर्फबाट*

क्या.सं.स.अध्यक्ष :-

हस्ताक्षर :-

क्याम्पस प्रमुख :-

हस्ताक्षर :-

क्याम्पसको नाम :-

क्याम्पसको छाप :-

पालिकाको तर्फबाट

प्रमुख प्रशासकिय अधिकृत :-

हस्ताक्षर :-

पालिकाको छाप :-

क्याम्पस संचालक समितिका पदाधिकारीहरुको नामावली ।

| क.सं | नाम र थर | पद | मोवाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७८/१०/ गते ।**

**नोट :** यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको क्याम्पस सञ्चालक समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा क्याम्पस प्रमुख र क्याम्पस संचालक समितिको अध्यक्षले दस्तखत गरी क्याम्पसको छाप समेत लगाउनु हुन अनुरोध छ ।

कार्यालयको छाप :- क्याम्पस प्रमुखको दस्तखत :- क्याम्पसको छाप :-

कार्यालय प्रमुख दस्तखत :- क्या.सं.स.अध्यक्षको दस्तखत :-

श्री..............................................................क्याम्पस

.........................................

प.सं. :- २०७८/०७९

च.नं. :- मिति :-

# स्वःघोषणा पत्र ।

यस..................................................क्याम्पसका संचालक समितिका अध्यक्ष श्री.......................................... र क्याम्पस प्रमुख श्री..............................................ले सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके र यस क्याम्पसले मिति २०७८/ / गते..............................................कार्यक्रम संचालनका लागि भएको सम्झौता कार्यान्वयन सन्दर्भमा ९ बुँदै घोषणा पत्र गरेको छु ।

- क्याम्पस संचालनार्थ बनेका नियमावली वा विधानले तोके अनुसार क्याम्पस संचालक समितिको काम, कर्तव्य र अधिकार पूर्णरूपमा पालना गरेको छु ।
- क्याम्पस संचालनार्थ बनेका नियमावली वा विधानले तोके अनुसार क्याम्पस प्रमुख र शिक्षकको काम, कर्तव्य र अधिकार पूर्णरूपमा पालना गरेको छु ।
- शिक्षा तथा सामाजिक विकास निर्देशनालय बुटवलबाट मिति २०७८/ / गते छनौट भएको कार्यक्रममा यस क्याम्पसले अन्य कुनै निकायबाट उक्त कार्यक्रममा सहयोग प्राप्त भएको वा दोहोरो नपर्ने गरि कार्यक्रम संचालन गरेको भनी सूनिश्चित गराउछौं ।
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ( दशौं संशोधन, २०७७ ) ले तोकेको प्रक्रिया अनुरुप यस क्याम्पसले गर्नु पर्ने सम्पूर्ण कार्यहरु सम्पन्न गरि प्रचलित कानूनको पूर्णपालना गरि कार्यसम्पादन गरेको छौं ।
- क्याम्पस संचालनार्थ बनेका नियमावली, विधान वा प्रचलित ऐन र नियमावलीहरुले क्याम्पस संचालक समिति, क्याम्पस प्रमुख र शिक्षकलाई तोकिएको काम, कर्तव्य र अधिकार भन्दा विपरीत निर्णय वा कार्य सम्पादन यस क्याम्पसले गरेमा सो निर्णय वा कार्य सम्पादन गरेको खर्च रकम भुक्तानीको लागि सामाजिक विकास डिभिजन कार्यालय बाध्य हुने वा गराउने छैन ।
- सामाजिक विकास डिभिजन कार्यालयमा यस क्याम्पसबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भईसकेपछि प्रदेश लेखा नियन्त्रक ईकाईबाट आन्तरिक लेखा परिक्षण र महालेखा परिक्षकको कार्यालयबाट अन्तिम लेखा परिक्षण हुँदा असुल उपर गर्ने भनि बेरुजु कायम हुन गएमा त्यस्तो बेरुजुको फरफरक गर्ने, गराउने र बेरुजू रकम दाखिला क्याम्पस संचालक समितिका पदाधिकारी र क्याम्पस प्रमुखबाटै गर्न गराउन मन्जुर छौं ।
- सामाजिक विकास डिभिजन कार्यालयमा अन्तिम भुक्तानीका लागि यस क्याम्पसबाट पेश गरेको मालसामानहरु विल, भरपाई प्रचलित वस्तुको वास्तविक मूल्यमा मालसामानहरु खरिद गरिएको छ ।यदि यस क्याम्पसले भूलवस प्रचलित बजार मूल्यभन्दा बढी मूल्यको विल पेश हुन आएमा तहाँ कार्यालयले बास्तविक बजार मूल्य भन्दा नबढने गरि भुक्तानीको लागि बाध्य हुने वा गराउने छैन ।
- सामाजिक विकास डिभिजन कार्यालय नेपालगंजबाट अनुगमन र सुपरिवेक्षण गर्न यस क्याम्पसमा खटिएका प्राविधिक वा अन्य कर्मचारीहरुलाई यस क्याम्पसले सम्झौता गर्दा पेश भएका विस्तृत कार्ययोजन अनुरुप कार्यहरु सम्पादन भएको कुरा विस्तृत रुपमा देखाई र भए गरेका कार्य गुस्तरीय, जवाफदेहीता, सुशासन र पारदर्शिता हुने कुरामा अनुगमनकर्तामार्फत तहाँ कार्यालयलाई विश्वसनीयता पनि दिलाउन चाहन्छौं।
- यस क्याम्पसबाट गुस्तरीय, जवाफदेहीता, सुशासन र पारदर्शिता हुने गरि खरिद भएको मालसामान र निर्माण कार्यमा कुनै पनि त्रुटी भएमा सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके जवाफदेही नभई यस क्याम्पस संचालक समिति र क्याम्पस स्वंयम हुने र यस्ता त्रुटीपूर्ण भई सम्पन्न भएका कार्यको भुक्तानी दिन सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके बाध्य नहुने वा नगराउने भनी मन्जुर छौं ।

**क्याम्पस प्रमुख नाम, थर :-** **क्या.संचालक समितिको अध्यक्षको नाम, थर :-**

**दस्तखत :-** **दस्तखत :-**

**मिति :-** **क्याम्पसको छाप :-** **मिति :-**